Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74202
Research Article
ISSN: 3021-9035 Print

# राजनीतिक परिवर्तन र कानुनी विकासको सम्बन्ध

**विमल पोखरेल**
*bimalwin@gmail.com*


## लेखसार

नेपालमा ठुलाठुला राजनीतिक उथलपुथल तथा परिवर्तनहरू भएका छन् । ती राजनीतिक परिवर्तन संस्थागत गर्नका लागि संविधान र कानुनहरू आवश्यक पर्ने भएको हुनाले राजनीतिक परिवर्तनपछि संविधान र कानुनहरूमा पनि व्यापक फेरबदल भएका छन्। राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण (वि.सं. १८२५) गरेपछि कानुन निर्माण गर्ने र लागु गर्ने काम राजाहरूले गर्दै आएका थिए। राजनीतिक परिवर्तन र कानुन निर्माणमा राजा पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, राजाहरू त्रिभुवन, महेन्द्र, वीरेन्द्रको मुख्य योगदान रहेको छ। राजा र राणा शासकहरूको सर्वोच्चताबाट संवैधानिक सर्वोच्चतासम्म आइपुग्नका लागि राजनीतिक, संवैधानिक तथा कानुनी परिवर्तनहरू भएका छन्। संविधानसभाको निर्वाचनपछि जनताका प्रतिनिधिहरूले स्वतन्त्र रूपमा संविधान र कानुन निर्माण गरी लागु गरिएको छ।

जनताले चुनावमार्फत् निर्वाचित संसद, सरकार, संवैधानिक सर्वोच्चता, स्वतन्त्रता, स्वाभीमान, मौलिक हक, राज्यका सबै अङ्गहरूमा समानुपातिक र समावेशी प्रतिनिधित्वको ग्यारेन्टीजस्ता अधिकार प्राप्त गरेका छन्। राजनीति र कानुन देशको अभिन्न अङ्गको रूपमा रहेका हुन्छन् । राजनीतिक शासनव्यवस्था लागु गर्नका लागि कानुनको आवश्यकता पर्छ। कानुन राजनीतिक निर्णयले बनाउने गरिन्छ। राजनीतिको लागि कानुन र कानुनका लागि राजनीति अत्यावश्यक छन्। नेपालको राजनीति र कानुनी परिवर्तनका आफ्नै विशेषता रहेका छन्। विगत इतिहासमा राजाहरूले कानुन बनाउने गर्दथे भने वर्तमान समयमा जनताका निर्वाचित प्रतिनिधिले बनाउने गरेका छन्। जनप्रतिनिधिले निर्माण गरेका संविधान र कानुनमा मौलिक हकहरू संस्थागत गरिएका छन् र तीमध्ये केही मौलिक अधिकार सङ्कटकालीन अवस्थामा पनि अहरणीय रहेका छन् ।



## शब्दकुञ्जी

निरङ्कुशता, स्वतन्त्रता, मौलिक हक, समावेशी, शक्ति पृथकीकरण ।


## विषय प्रवेश

राजनीति सामान्य र व्यापक दुवै अर्थमा परिवर्तन बुझाउने शब्द हो। यो शब्दले स्थानीय मात्रै होइन, संसारको राजनीतिलाई पनि बुझाउँछ। राजनीतिले शासनव्यवस्था, न्यायप्रणाली, वैदेशिक सम्बन्ध, कुटनीति, अर्थनीति, विकास, समृद्धि आदि कुराको छिनोफानो गर्छ। नेपाल प्रज्ञा प्रतिष्ठानको बृहत् नेपाली शब्दकोषमा राजनीतिको अर्थ यसरी लगाइएको छ–

१. जनताको शान्तिसुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासनव्यवस्थाको प्रणाली निर्धारण

गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिको उपयुक्त सन्तुलन गर्ने र यस्तै अन्य कार्य गर्ने नीति

२. राज्य तथा प्रशासनसँग सम्बन्धित एक सामाजिक सिद्धान्त

३. राज्यको शासनव्यवस्थासँग सम्बन्धित नीति, राज्य सञ्चालन प्रणाली

राजनीति शाब्दिक रूपमा भन्नुपर्दा व्यवहारिक रूपमा धेरै विशाल तथा गतिशील विषय हो, जसले देश, विदेश, समाज र व्यक्तिहरूमा सशक्त प्रभाव जमाएको हुन्छ । नेपालको राजनीति तथा शासनव्यवस्था आफ्नै ढङ्गले परिवर्तन हुँदै आएको छ र यसका बहुआयामिक पक्षहरू रहेका छन् ।

नेपाल एकीकरणको गणनासहित देशमा ६ पटक ठुला राजनीतिक परिवर्तनहरू भएका छन् । पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियान सुरु गर्दा विश्वमा धेरै देशहरू औपनिवेशिक अवस्थामा रहेका थिए । बेलायतले संसारभर साम्राज्य फैलाइरहेको थियो । एकीकरण अभियान आफैँमा क्रान्तिकारी कार्य थियो । विभिन्न बाइसेचौबीसे राज्यहरू एकीकृत गरेर विशाल नेपालको स्थापना गर्नुभन्दा अगाडि नेपालमा फरकफरक राजनीतिक शासन प्रणाली तथा कानुनी व्यवस्था रहेको थियो । गोरखाली राजा पृथ्वीनारायण शाहले सन् १७७४ मा नेपाल एकीकरण अभियान सुरु गर्दा अहिलेको एक्लो महाशक्ति संयुक्त राज्य अमेरिका उत्पन्न भएकै थिएन । ब्रिटिस उपनिवेशबाट स्वतन्त्रता पाउन अमेरिकाले सङ्घर्ष सुरु गर्दा पृथ्वीनारायण शाहले स्वाधीन नेपाललाई एकीकृत र शक्तिशाली राष्ट्र बनाइसक्नु भएको थियो (पाण्डे, २०७७, पृ. ५३) । नेपाल सार्वभौम सत्तासम्पन्न पुरानो देश हो । यहाँ आफ्नै प्रकारका शासन प्रणाली, नीति, नियम, कानुन, राज्यसंरचनाहरू विकसित हुँदै आएका छन् । राजनीतिक परिवर्तन र कानुनको अन्तरसम्बन्धले नेपालको इतिहास र वर्तमान अवस्थालाई अटुट रूपले जोड्दै अगाडि बढाउने काम गरेको छ । नेपालमा लिखित संविधानको शृङ्खला भने करिब ७७ वर्षको रहेको छ । यस अवधिमा विभिन्न ७ वटा संविधान जारी भएका छन् । ती सबै संविधानहरू फरक राजनीतिक परिस्थितिमा जारी गरिएका हुन् । राजनीतिक अस्थिरताको कारण धेरै संविधान जारी भए पनि जनताले अधिक अधिकार प्राप्त गरेका छन् ।

## *अध्ययन विधि*

सामग्री संकलन पुस्तकालयीय कार्यबाट द्वितीय स्रोतहरू लिइएको छ । विभिन्न विद्वानहरूले लेखेका पुस्तकहरू, आधिकारिक अनलाइनको सहायता लिइएको छ । लेखमा नेपाल प्रज्ञा प्रतिष्ठानको स्वीकृत ढाँचालाई प्रयोग गरिएको छ ।

## *पृथ्वीनारायण शाहदेखि पहिलो संविधानसम्म*

विभिन्न उद्देश्य, मूल्यमान्यता, दर्शन, सिद्धान्त र नीति बोकेका व्यक्तिहरूले नेतृत्व गरेर आफ्नो सङ्गठित शक्तिमार्फत् गरेका हस्तक्षेपबाट राजनीतिक परिवर्तन भएका छन् । नेपालको शासनसत्ताको इतिहास हेर्दा–

क. राजा पृथ्वीनारायण शाह र शाह वंश (वि.सं १८२५–२०६५),

ख. जङ्गबहादुर राणाले स्थापना गरेको राणा वंशको शासन (वि.सं. १९०३–२००४),

ग. बहुदलीय व्यवस्थाको स्थापना (वि.सं. २००७–२०१७),

घ. राजा महेन्द्रले स्थापना गरेको एकदलीय पञ्चायती व्यवस्था (वि.सं. २०१७–२०४६),

ङ. संवैधानिक राजतन्त्रात्मक व्यवस्था (वि.सं. २०४६–२०६४),

च. गणतन्त्राात्मक व्यवस्था (२०६५) रहेका छन् ।

ती सबै राजनीतिक परिवर्तनका पृष्ठभूमि, कारण र उद्देश्यहरू फरकफरक रहेका छन् । जुन तरिकाले शासनमा परिवर्तन हुने गर्दछ, परिवर्तित शासन व्यवस्था लागु गर्नका लागि नयाँ कानुनहरूको आवश्यकता पर्दछ । नेपालका कानुनहरूमा पनि त्यही प्रकारले परिवर्तनहरू

भएका छन्। राजनीतिसँगै कानुन पनि परिवर्तन भइरहेका छन्। राजनीति तथा कानुन एकअर्काका परिपूरक हुन् र सँगसँगै हिँड्छन्।

पृथ्वीनारायण शाहले नेपाल एकीकरणमै आफ्नो सम्पूर्ण समय र शक्ति खर्चिएको हुनाले कानुनमा व्यापक परिवर्तन गर्न सकेनन् । पृथ्वीनारायण शाहको न्याय व्यवस्थामा आफ्नो पूर्ववर्ती राजा रामशाहकै प्रभाव रहेको मानिन्छ (खनाल, २०७३, पृ.१३१) पृथ्वीनारायण शाहको समयमा कानुनमा व्यापक परिवर्तन गर्न किन आवश्यक ठानिएन भने न्यायको लागि गोरखाका चर्चित राजा राम शाह थिए। उनले गोरखा राज्यमा २६ थिति बसाले का थिए। ती २६ थितिहरू धेरै लोकप्रिय रहेका थिए।

जङ्गबहादुर राणाले वि.सं. १९१० मा ल्याएको मुलुकी ऐनलाई आधुनिक नेपालको व्यवस्थित कानुन मानिन्छ । जङ्गबहादुरको युरोप भ्रमण इतिहासको महत्त्वपूर्ण घटनाको रूपमा रहेको छ। युरोप भ्रमणपछि जङ्गबहादुरले युरोपेली न्यायपद्धतिको प्रभावले नेपालको न्यायप्रशासनमा विद्यमान कतिपय दण्ड व्यवस्थाको परित्याग र परिमार्जन पनि गरेका थिए (खनाल, २०७३, पृ.१९८)। मुलुकी ऐन राजाहरूको हातमा रहेको कानुन खोसेर जङ्गबहादुर राणालाई शक्तिशाली बनाउने कानुनी हतियार पनि थियो । राजाबाट राज्य सञ्चालन गरिने प्राचीनतम परम्परालाई पर्वाह नगरी स्वेच्छाचारी शासन सञ्चालन गर्न पुगेका जनरल जङ्गबहादुरले राजनीतिक, आर्थिक आदि न्यायिक अधिनायकत्व कायम गर्नसमेत बाँकी राखेनन्। उनले आफ्नो इच्छाअनुसार संहिताबद्ध कानुन बनाई अधिराज्यभर लागु गराए (खनाल, २०७३, पृ.२२४) । मुलुकी ऐन जङ्गबहादुर राणाको युरोप भ्रमणपछिको उपलब्धि रहेको थियो।

नेपालको पहिलो संविधान वि.सं २००४ साल माघ १३ गतेबाट लागु हुने गरी नेपाल सरकारको वैधानिक कानुनको नामबाट घोषणा भएको थियो। विश्वमा उपनिवेश र निरंकुशताबाट मुक्ति तथा स्वतन्त्रताका आन्दोलनको लहर चलिरहेको थियो । नेपालको छिमेकी भारतमा बेलायती उपनिवेशका विरुद्ध स्वतन्त्रता सङ्घर्ष चलेको थियो । यस्तो परिस्थितिमा वि.सं. २००४ साल जेष्ठ ३ गते सबै भाइभारदार, जङ्गी, निजामती कर्मचारीलाई भेला गराई श्री ३ पद्मले नेपालमा ठुलो राजनीतिक सुधार गर्न लागेको छु भन्ने ऐतिहासिक भाषण गरे (सिंह, २०६६, पृ. ३)। विश्वभर प्रजातन्त्रको लहर चलिरहेको हुनाले विश्व समुदायलाई आफू प्रजातान्त्रिक देखिनका लागि राणाहरूले वैधानिक कानुन ल्याएका थिए। राजनीतिक, कानुनी तथा शासकीय अधिकार सबै तिनीहरूमै निहित थियो। यो विधानले राणा प्रधानमन्त्रीका विशेषाधिकारहरूमा कुनै परिवर्तन गरेन, बरु यसबाट प्रधानमन्त्री पदको उत्तराधिकारको क्रम राणा परिवारमा सदाका लागि रहने गरी अहस्तान्तरणीय र अपरिवर्तनीय भएर कायम हुन पुग्यो (सिंह, २०६६, पृ. ४)। देशमा संविधान त बन्यो, तर अधिकार राणाहरूमै रह्यो। उक्त संविधान जारी हुने समयमा नेपालमा राजनीतिक पार्टीहरूको स्थापना भएर राणा शासनका विरुद्धमा सङ्घर्ष सुरु भइसकेको थियो। राणाका विरुद्धमा नेपाल प्रजा परिषद्, नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वमा धेरै जनमत बढ्दै गएको हुनाले त्यो संविधान व्यवस्थित ढङ्गले लागु हुन पाएन।

## *अन्तरिम विधानको पृष्ठभूमि*

तानाशाही र स्वेच्छाचारी राणा शासन अन्त्य गरी प्रजातान्त्रिक तरिकाबाट शासन सञ्चालन गर्ने प्रणाली खोजी नेपालमा पनि हुन थाल्यो। मसिनो स्वरमा प्रजातन्त्रको माग उठ्न थाल्यो। विश्वमा भएका परिवर्तन र प्रजातान्त्रिक अभ्यासबारे बहस हुन थाल्यो । राजामा भएको शक्ति कसरी जनतामा ल्याउने भन्नेबारेमा कैयौँ बहसहरू भए। विश्वका कैयौँ देशहरूमा निरङ्कुशताका विरुद्धमा आन्दोलनहरू भए। नेपालको छिमेकी भारतमा स्वतन्त्रता आन्दोलन चलिरहेको थियो । भारत गएका नेपालीहरू सङ्गठित भएर नेपालमा प्रजातन्त्र स्थापना हुनुपर्ने मागसहित आन्दोलन सञ्चालन गरे।

नेपालमा विभिन्न तरिकाले आन्दोलन सञ्चालन भएका छन् । राणा शासनका विरुद्धमा वि.सं. २००७ सालमा नेपाली कांग्रेसको नेतृत्वमा सशस्त्र सङ्घर्षको आवाहन गरिएको थियो। मुक्ति सेना गठन गरेर सशस्त्र सङ्घर्ष भएको थियो । विराटनगरजुट मिलमा मजदुर हड्ताल गरिएको थियो । देशभर आन्दोलन फैलिपछि राणाहरू झुक्न बाध्य भएका थिए भने आन्दोलनबाट प्राप्त उपलब्धिहरू संस्थागत गर्नका लागि संविधानको आवश्यकता रहेको थियो । राणा प्रधानमन्त्रीको शक्ति कटौती गर्नु अन्तरिम विधानको मुख्य लक्ष्य थियो । राजाको स्थितिलाई स्पष्ट र बढी सुरक्षित गर्न तत्कालीन आन्दोलनकारी मुख्य पार्टी नेपाली कांग्रेसलाई समेत समर्थन गरी कार्य गर्न राजाको मञ्जुरी रह्यो (दाहाल, २०६३, पृ. १९)। यसरी नेपालको अन्तरिम शासन विधान, २००७ जारी भएको थियो । उक्त शासन विधान राजा, कांग्रेस र राणाहरूको सम्झौताको दस्तावेज रहेको थियो। त्यो शासन विधानले राणा शासकको समयमा कमजोर रहेका राजालाई शक्ति प्रदान गरेको थियो । श्री ३ महाराजका अधिकारहरू यो विधानले राजामा हस्तान्तरित गर्‍यो (दाहाल, २०६३, पृ. १९) यो संविधानले राजाका अधिकार मात्रै होइन, जनताका धेरै अधिकारहरू पनि स्थापित गरेको थियो ।

राजामा भएको शक्तिलाई विकेन्द्रित बनाउनका लागि शक्ति पृथकीकरणको सिद्धान्त प्रतिपादन भएको थियो। फ्रेन्च दार्शनिक मन्टेस्क्युले सन् १७४८ मा शक्ति पृथकीकरणको सिद्धान्त अगाडि ल्याएका थिए। शक्ति पृथकीकरण भनेको एउटै निकाय वा व्यक्तिमा शक्ति केन्द्रित गरिनु हुँदैन भन्ने राजनीतिक मान्यताको सिद्धान्त हो। शक्ति पृथकीकरणको सिद्धान्त तानाशाही व्यवस्थामा केन्द्रित भएको अधिकार विकेन्द्रित गर्नु हो । यो सिद्धान्तअनुसार कानुन बनाउने शक्ति जनताबाट निर्वाचित व्यवस्थापिकाको रहेको हुन्छ। जसलाई जनतामा शक्ति हस्तान्तरणको रूपमा लिने गरिन्छ। शक्ति पृथकीकरणको यो मान्यतालाई दोस्रो विश्वयुद्धपछि स्थापना भएको संयुक्त राष्ट्रसंघले पनि आफ्ना विभिन्न दस्तावेजमा मान्यता दियो र सन् १९४८ मा जारी भएको मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रमा समेत स्वतन्त्र र सक्षम निकायले बाहेक व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न नसकिने र व्यक्तिलाई सक्षम निकायबाट सुनुवाईको मौका प्रदान नगरी दोषी करार नगरिने व्यहोरा उल्लेख गरिएको छ (भट्टराई, २०७७, पृ. १६८, सं.भट्टराई)।

आधुनिक राज्यप्रणालीमा जनतालाई राज्य शक्तिको स्रोत मानिन्छ। जनआन्दोलनले पुराना राजनीतिक शासन प्रणाली, सामाजिक, सांस्कृतिक, आर्थिक प्रणाली तथा मान्यताहरू भत्काउने तथा नयाँ निर्माण गर्ने काम गर्दछ। आन्दोलनका मागहरू संविधान र कानुनमा संस्थागत गर्ने गरिन्छ। संविधान देशको राजनीतिक घोषणापत्र हो, जनताको विश्वासको स्वकारोक्ति हो, जनताको आदर्शको अभिव्यक्ति हो, देशको बडापत्र हो (दाहाल, २०६३, पृ. १) । संविधान जुनसुकै देशको मूल कानुन हो । मूल कानुनको आधारशिलामा रहेर सयौँ कानुनहरू निर्माण गरिन्छन्। संवैधानिक सर्वोच्चता भएको देशमा जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले कानुन निर्माण गर्दछन् र कार्यपालिकाले कानुनलाई लागु गर्ने गर्दछ।

अन्तरिम विधानमा जनतालाई सीमित अधिकार दिइएको थियो। राज्यले सार्वजनिक हित अथवा शान्ति कायम राख्न वा राज्यको सुरक्षा निमित्त आवश्यक शर्तमा नागरिकहरूलाई वाक र प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र विनाहतियारको सम्मेलन सभा गर्ने, संस्था वा सङ्घ खडा गर्ने, नेपाल राज्यभर विनारोकटोक घुमफिर गर्ने, नेपाल राज्यभर जुनुसकै भागमा पनि निवास गर्ने र घरजम गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने, कुनै पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने, कानुनको उल्लङ्घन हुने गरी काम गरेको अवस्थामा बाहेक दोषी नहुने, एउटा कसुरमा एकभन्दा बढी दण्डसजाय नगरिने, आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने, कानुनबमोजिमबाहेक व्यक्तिको ज्यान वा व्यक्तिगत स्वतन्त्रता नहरिनेजस्ता

अधिकार प्रदान गरेको थियो (दाहाल, २०६३, पृ. २६)। अन्तरिम शासन विधान २००७ को मुख्य सार र जनताका अधिकारको प्रस्थान विन्दु यही हो। ती अधिकारहरू अहिले व्यापक रूपमा विस्तार भएका छन्।

जनताको आन्दोलनको बेलमा देशमा २००७ सालमा पहिलोपटक यसप्रकारका अधिकारहरू स्थापित गरिएका थिए। राजनीतिक आन्दोलनका मागहरू संविधानमा समेटिएका थिए। राजनीतिक स्वतन्त्रता, केही मौलिक अधिकार, पढ्न पाउने, पेसा, व्यवसाय गर्ने, नेपालभर हिँडडुल गर्न पाउने, वाक र प्रकाशन स्वतन्त्रता आदि अधिकारहरू सुरक्षित गरिएका थिए।

## *एकदलीय व्यवस्थाको संविधान*

देशमा जुनप्रकारको राजनीतिक प्रणाली अबलम्बन गरिन्छ, त्यसैअनुसारको संविधान तथा कानुन निर्माण गरिन्छन् भन्ने आम मान्यताको विषय हो। वि.सं. २०१७ साल पुस १ गते राजा महेन्द्रले जननिर्वाचित संसद तथा सरकार विघटन गरे। महेन्द्रले संविधानमा उल्लेख गरिएका सबै मौलिक अधिकारहरू निलम्बन गरेका थिए। शाही घोषणामा भनिएको थियो, देशको एकता, राष्ट्रियता र सार्वभौमसत्ता बचाउन, देशमा अमनचयन कायम राख्न तथा देशलाई कुनै कारणले पनि बिग्रँदो स्थितिबाट बचाउने अन्तिम जिम्मेवारी पनि हामीमा भएकोले उक्त वातावरण हटाई शान्तिसुरक्षा कायम राख्न र देशलाई सङ्क्रमण स्थितिबाट बचाउन विशेष अवस्थाको जरुरत पर्न आएकोले र देश र जनताको हितमा मात्र ध्यानमा राखी संविधानको धारा ५५ को अधिकार प्रयोग गरी यो मन्त्रीमण्डल र संसदका दुवै सदनसमेत हामीबाट आज यो घोषणाद्वारा विघटन गरिबक्सेका छौँ (देवकोटा, २०३६, पृ. ६४६–४७)। घोषणामा जेसुकै भनिए पनि व्यवहारमा एकदलीय शासन मुख्य उद्देश्य रहेको थियो।

जनजीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो तलैदेखि उठी सबै जनताको क्रियाशील सहयोग पाउने विकेन्द्रीकरणको सिद्धान्त अङ्गाल्ने दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीद्वारा मात्र सम्भव छ भन्ने हाम्रो दृढविश्वास भएको (नेपालका सबै संविधान : ७०) घोषणा गर्दै वि.सं. २०१९ सालको संविधान जारी गरिएको थियो। एकदलीय संविधान भए तापनि संविधानमा मौलिक हकको व्यवस्था गरिएको थियो। संविधानले नागरिकको मौलिक कर्तव्यबाहेक समानताको हक, स्वतन्त्रताको हक, देश निकाला विरुद्धको हक, शोषणका विरुद्धको हक, धर्मसम्बन्धी हक, सम्पत्तिको हक, संवैधानिक उपचारको हकसमेतका मौलिक हकको प्रत्याभूति गरेको थियो (निरौला, २०७७, पृ. १८, सं. भट्टराई)।

एकतन्त्रीय व्यवस्था स्थापना गरे तापनि महेन्द्रले केही सुधारका कामहरू गरे। जङ्गबहादुर राणाले जारी गरेको मुलुकी ऐनलाई वि.सं. २०२० सालमा व्यापक संशोधन गरे। वि.सं. २०२० साल भदौ १ गते नयाँ मुलुकी ऐन जारी भएपछि बालविवाह, बहुविवाह, दाइजोप्रथा, छुवाछूत प्रथालगायत थुप्रै सामाजिक विसङ्गति हटाई समाजमा सामाजिक न्याय, मूल्यमान्यता स्थापित गरी देशको कानुन प्रणालीमै क्रान्तिकारी परिवर्तन ल्याएर नेपाल तथा नेपालीका लागि नयाँ युगको प्रारम्भ गर्न खोजिएको थियो (परियार, २०७१) राजा महेन्द्रले कानुन बनाएर भूमिसुधार लागु गरे। भूमिसुधारमार्फत् हजारौँ भूमिहीनहरूलाई जमिन वितरण गरियो। गाउँफर्क राष्ट्रिय अभियानजस्ता सुधारहरू पनि सञ्चालन गरे। सामान्य सुधारले मात्रै एकदलीय पञ्चायती व्यवस्था टिक्ने सम्भावना थिएन।

## *प्रजातन्त्र र कानुन*

दोस्रो विश्वयुद्धको समाप्तिपछि संसारभर देशहरू उपनिवेशबाट मुक्त हुँदै गए। ती देशहरूमा प्रजातन्त्र र स्वतन्त्रताको लहर चलेको थियो। नेपाल पनि विश्वको राजनीतिबाट अलग हुन सक्तैन थियो। नेपालमा प्रजातन्त्र आवश्यक छ भन्ने विचार उठ्न थाल्यो। राजनीतिक परिवर्तनका लागि स्पष्ट राजनीतिक दर्शन, सिद्धान्त,

विचार, नीति र कार्यक्रम भएका राननीतिक पार्टीहरूको गठन अनिवार्य हुन्छ। नेपालमा राजनीतिक परिवर्तनका लागि सङ्गठन गठन भएको ९३ वर्षको इतिहास रहेको छ । नेपालमा राणा शासनले कडा दमन गर्ने भएका कारण भारतमा पढ्न गएका विद्यार्थीहरूले राजनीतिक सङ्गठन निर्माण गर्ने गर्दथे । वि.सं. १९८७ मा स्थापना भएको प्रचण्ड गोर्खा राणा विरोधी आन्दोलनको एउटा महत्त्वपूर्ण घटना थियो। भारतमा अध्ययनरत खड्गमान सिंह, मैनाबहादुर, क्याप्टेन खण्डमान सिंह, उमेशविक्रम शाह तथा रङ्गनाथको सक्रियतामा यसको जन्म भएको थियो (डाँगी, २०६४, पृ. ३२)।

राजनीतिक परिवर्तनको लागि वि.सं. १९७६ सालमा खुलेको त्रिचन्द्र कलेजको ठूलो भूमिका रहेको छ। त्रिचन्द्र कलेजले विद्यार्थीहरूलाई पढ्ने, लेख्ने मौका दियो भने त्यहाँ पढेलेखेका विद्यार्थीहरूमा राजनीतिक चेतना भरिँदै गयो । त्रिचन्द्र कलेज राणाहरूका लागि ठुलो चिन्ताको विषय बनेको भए पनि राणा परिवारको आतङ्कपूर्ण राज्यमा दोस्रो विश्वयुद्धको दशकसम्म नै नेपालमा राणाविरोधी शक्तिले कुनै निर्णायक सङ्घर्ष उठाउन सकेको थिएन (केसी, २०६५, पृ ३५)। निर्णायक सङ्घर्ष उठाउन नसके पनि त्रिचन्द्र कलेजका विद्यार्थीहरू राजनीतिक परिवर्तन आवश्यक छ भन्ने निष्कर्षमा पुगेका थिए। नेपालको राजनीतिमा प्रजा परिषद्को स्थापना र राणा विरोधी आन्दोलनलाई महत्त्वपूर्ण घटनाका रूपमा लिनुपर्दछ।

१९९३ जेठ २० गते नेपाल प्रजापरिषद्को स्थापना भयो। प्रजापरिषद् राणाशाहीको अन्त गर्ने उद्देश्यले गठित राजनीतिक पार्टी थियो । पार्टीका अधिकांश नेता युवा विद्यार्थी थिए (डाँगी, २०६४, पृ. ३२)। त्रिचन्द्र कलेजकै विद्यार्थी गंगालाल श्रेष्ठ नेपाल प्रजा परिषद्मा सङ्गठित भएर राणा विरोधी आन्दोलनमा लागेका थिए । राणा विरोधी आन्दोलनमा लागेकै कारण वि.सं. १९९७ मा शुक्रराज शस्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठलाई मृत्युदण्ड दिइएको थियो । चार जनालाई मृत्युदण्ड दिएपछि त्यसले राणाका विरुद्धमा जनताको आक्रोश बढ्दै गयो।

राणाहरूको विरोध गर्न भारतमा बसेका नेपाली तथा प्रवासी नेपालीहरू मिली अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेसको स्थापना गरे। जसले एक वर्षभित्र नै वि.सं. २००३ कार्तिक २५ गते आफ्नो नाम बदली नेपाली राष्ट्रिय काङ्ग्रेस राख्यो (गौतम, २०७०, पृ. ३६९) । भारतमा पढ्न गएका युवाहरूले सङ्गठन गर्ने, राणाविरोधी आन्दोलनको योजना बनाउँदै गएका थिए। वि.सं. २००५ सालमा नेपाली प्रजातन्त्र कङ्ग्रेसको गठन गरियो । 'दुवै दलका उद्देश्यहरू समान प्रकारका रहेका थिए । नेपाली प्रजातन्त्र कङ्ग्रेस र नेपाली राष्ट्रिय कङ्ग्रेसका नेताहरूले दुवै दलको उद्देश्य नेपालीलाई राणा शासनबाट मुक्त गर्ने नै भएको हुँदा दुवै दललाई एउटै बनाउने विचार गरी वि.सं. २००६ चैत १४ गते नेपाली कङ्ग्रेसको जन्म हुन गयो' (गौतम, २०७०, पृ ३७०)।

वीपी कोइराला, सुवर्णसमसेर राणालगायतका प्रभावशाली नेताहरू नेपाली कांग्रेसको नेतृत्वमा भएको हुनाले पार्टी छोटो समयमै प्रभावकारी बन्दै गयो। राणा शासनको विरुद्धमा मुक्ति सेनाको गठन गरी सशस्त्र सङ्घर्ष सञ्चालन गरेको थियो । त्यही समयमा भारतमै नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो। 'वि.सं. २००६ वैशाख १० (अप्रिल २२, १९४९ का दिन निरञ्जनगोविन्द वैद्य, नारायणविलाश जोशी, नरबहादुर कर्माचार्यलाई मिलाएर पुष्पलालले कलकत्ताको सरकारी टोलालेनस्थित एक जना बङ्गालीको घरमा गुप्त ढङ्गबाट नेकपाको स्थापना गरे। सोही दिन एक केन्द्रीय सङ्गठन समितिको निर्माण पनि गरियो' (केसी, २०६५, पृ ५२)।

नेपालको राजनीतिमा प्रजातान्त्रिक विचार बोकेको नेपाली कङ्ग्रेस र साम्यवादी विचार बोकेको नेपाल कम्युनिस्ट पार्टीको गठन भयो। यी दुवै पार्टीहरूले राणा शासनका विरुद्धमा सङ्घर्ष गरे । राणाहरूका विरुद्धमा देशमा नेपाली कङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा सङ्घर्ष चर्कियो। राजा, राणा र कांग्रेसबीच वि.

सं. २००७ फागुन ७ गते दिल्ली सम्झौता भएको थियो। संविधानसभाद्वारा स्थायी संविधान बनाउने, यसरी नबनेसम्मका लागि शासन चलाउन एउटा अन्तरिम संविधानको आवश्यकता पऱ्यो। २००७ साल चैत २९ गते नेपालको अन्तरिम संविधान, २००७ नाम दिएर यो संविधान जारी भयो (वस्ती, २०७९, पृ. ९१३)।

राजनीतिक शक्ति सन्तुलन, राजनीतिक सङ्घर्ष, आन्दोलनका मागहरू सम्बोधन गर्नका लागि संविधान निर्माण गरिएका छन्। २०१९ सालको संविधानबाहेक अरू प्रत्येक संविधानको पछाडि जनआन्दोलन कारक रहेको छ। २०१९ सालको संविधानको पृष्ठभूमि पनि जनता होइन, राजाको असन्तुष्टि थियो। नेपाली जनताको राजनीतिक असन्तुष्टि र आन्दोलनले व्यवस्था परिवर्तन हुँदै तदअनुरूप संविधान बन्दै आएका छन् (वस्ती, २०७९, पृ. ९०५)। संविधान देशको मूल कानुन भएको हुनाले त्यसैका अनुरूप कानुनमा परिवर्तन गर्नुपर्ने हुन्छ। जनआन्दोलनका माग सम्बोधन गर्नका लागि संविधान निर्माण र संविधानको कार्यान्वयन गर्न धेरै कानुनहरूको निर्माण गर्नुपर्ने हुन्छ।

संविधान र कानुनहरूलाई कसरी प्रगतिशील बनाउने र सही कार्यान्वयन गर्ने भन्ने पक्ष धेरै महत्त्वपूर्ण हुन्छ। विश्वका विभिन्न देशमा आफ्नै प्रकारका प्रणाली हुन्छन्। संसारमा एकै समयमा एकै प्रकारका शासन व्यवस्था रहेका छैनन्। तिनीहरूले बनाउने संविधान पनि एकै खालका हुने गर्दैनन्। संविधानका स्वरूपहरू प्रत्येक मुलुकको आआफ्नो राजनीतिक स्थिति, आर्थिक अवस्था, सामाजिक र सांस्कृतिक परिवेश, भौगोलिक संरचना, धार्मिक मान्यताजस्ता कुराहरूले प्रभाव पारेका हुन्छन् (दाहाल, २०६३, पृ २)। प्रजातान्त्रिक व्यवस्थामा शासन व्यवस्था पारदर्शी हुन्छ भने शक्ति पृथकीकरणको सिद्धान्त पनि लागु हुन्छ। उपनिवेशबाट स्वतन्त्रता प्राप्त गरेर बनेका प्रजातान्त्रिक संविधानहरूमा कार्यपालिका, विधायिका र न्यायपालिकाको कामकारवाहीलाई अलग–अलग रूपमा राख्ने प्रचलन आम रूपमा स्थापित भएको देखिन्छ (भट्टराई, २०७७, पृ. १६८, सं. भट्टराई) नेपाल कुनै साम्राज्यवादी देशको उपनिवेश नभएको हुनाले यहाँ निरङ्कुशतन्त्रका विरुद्धमा सङ्घर्ष चल्यो र शक्ति पृथकीकरणको सिद्धान्त लागु भयो। जसले बहुदलीय व्यवस्थाको स्थापना सँगसँगै उदारवादी प्रजातान्त्रिक व्यवस्थाको अभ्यास गऱ्यो।

## *गणतन्त्रको विजारोपण*

नेपाल पुरानो राजतन्त्रात्मक देश हो। पृथ्वीनारायण शाहले एकीकरण अभियानबाट शासनप्रणाली स्थापित गरेका थिए। पृथ्वीनारायण शाहकै उत्तराधिकारीहरू राष्ट्रप्रमुखका रूपमा राजा हुँदै आएका थिए। राजाहरूले चलाएको शासन निरंकुश, तानाशाही, पारिवारिक र भ्रष्ट थियो। यद्यपि राजासँग सेना पनि साथमा थियो। राजा शक्तिशाली भएको समयमा गणतन्त्रको आवाज उठाउनु सामान्य विषय थिएन। गणतन्त्रको आवाज एकै पटक बुलन्द हुने सम्भावना पनि थिएन। त्यो बेला गणतान्त्रिक संविधानको कल्पना गरिएको थिएन।

कम्युनिस्ट पार्टीले सुरुमा स्पष्ट रूपले गणतन्त्रको नारा उठाएको थिएन। शाहवंशीय राजतन्त्रप्रति ठोस र स्पष्ट दृष्टिकोण एवं विश्लेषण त्यति बेला कम्युनिस्ट पार्टीले अघि सारेको पाइँदैन। उसको प्रहार एक सय चार वर्षदेखि पारिवारिक हुकुमतन्त्र चलाइरहेका राणाहरूप्रति केन्द्रित हुनु तत्कालीन परिवेशमा उभिएर हेर्दा अन्यथा र गलत थिएन (थापा, २०६२, पृ ५१)। कम्युनिस्टआन्दोलन सुरुआतकै विन्दुमा रहेको थियो। कम्युनिष्ट पार्टीका सबै मुद्दाहरू स्पष्ट र परिपक्व भइसकेका थिएनन्।

वि.सं. २००८ सालमा डा. केआई सिंहले सिंहदरबारमा विद्रोह गरेपछि कम्युनिष्ट पार्टीले समर्थन गरेको थियो। सरकारले केआइ सिंहलाई डाँकु घोषणा गऱ्यो। नेपाल कम्युनिस्ट पार्टीले उनलाई देशभक्त तथा क्रान्तिकारी ठान्थ्यो, जसले उनको विद्रोहलाई प्रगतिशील कदम ठहऱ्यायो (थापा, २०६२, पृ. ५५)। विद्रोहको समर्थनपछि कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लाग्यो। प्रतिबन्ध फुकुवा

गर्नको लागि कम्युनिस्ट पार्टीले केही पहल गरेको थियो। तर त्यो सम्भावना भएन।

देशमा तत्काल गणतन्त्र स्थापना हुने कुनै सम्भावना थिएन। वि.सं. २००७ सालको संविधानले राजालाई बलियो स्थानमा राखेको थियो। श्री ५ महाराजाधिराजमा रहेको कार्यकारिणी अधिकारबमोजिम मौसुफले स्वयं वा मन्त्रीद्वारा वा मौसुफका मातहतका अरू कर्मचारीद्वारा गर्न सकिबक्सने छ (नेपालका सबै संविधानहरू, पृ. २१)। कार्यकारिणीका साथसाथै त्यो संविधानबमोजिम सेनाका सर्वोच्च कमान्डर इन चिफ पनि राजा नै रहेका थिए। प्रधानमन्त्रीको नेतृत्वमा रहने मन्त्रीमण्डलले राजाको शासनसम्बन्धी कार्यसम्पादनमा सहयोग मात्रै गर्न सक्थ्यो। राणाको हातबाट केही मौलिक हकसहित सीमित राजनीतिक अधिकारहरू जनतामा स्थापित भएका थिए। राजनीतिक दलका नेताले प्रधानमन्त्रीको रूपमा शासन सञ्चालन गर्न थालेका भए पनि शासनसत्ताको बागडोर भने राजामा निहित रहेको थियो।

राजासँग कति अधिकार रहनुपर्छ र प्रधानमन्त्रीसँग कति अधिकार रहनुपर्दछ भन्ने विषयमा अलमल रहेको थियो। बहुदलीय व्यवस्था संस्थागत भइसकेको थिएन। राणाले १ सय ४ वर्षसम्म राजाको हातबाट सत्ता खोसेको अवस्थामा राजाहरू कमजोर रहेका थिए। राणाशासनको पतनपछि शासकीय, कानुनी तथा राजनीतिक अधिकार आफ्नो हातमा लिन तथा संस्थागत गर्न राजा, दरबारिया शक्तिहरू बलियो गरी लाग्न थालेका थिए। राणा शासन ढाल्न निर्णायक सङ्घर्ष गरेका नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीलाई २००८ सालदेखि दरबारले पाखा लगाउँदै गयो। राजाले कम्युनिष्ट तथा कङ्ग्रेसहरूलाई राजनीतिक मैदानमा लडाएर आफ्नो शक्ति राजनीतिक र कानुनी रूपमा मजबुत बनाउँदै लगेका थिए। नेपाली कङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीलाई एकअर्काविरुद्ध लडाएर राजा त्रिभुवनले क्रमशः २००७ साल अघिको राणाशासन तथा मोहनशमसेरको ठाउँ लिन पुगे (थापा, २०६२, पृ. ३४)।

राजा शक्तिशाली रहेकै बेला वैधानिक राजतन्त्र मान्ने कि गणतन्त्र मान्ने भन्ने कुरामा विवाद भएको थियो। विवादका बीचमा केन्द्रीय समितिले वि.सं. २०१३ जेठ २८ गते वक्तव्य जारी गरेको थियो। कम्युनिस्ट पार्टी गणतान्त्रिक पार्टी भएकाले राजा तथा राजतन्त्रको सत्ता नमान्नु स्वभाविक हो। कम्युनिस्ट दर्शनको यो आधारभूत सिद्धान्त हो। तसर्थ अन्तरिम कालका लागि होस् अथवा अगाडिका लागि राजाको अप्रजातान्त्रिक कामकारवाहीको सिद्धान्ततः विरोध गर्दै जानु र राजनीतिक विचारधाराको प्रचार गर्दै जानुपर्छ। यो कुरामा कम्युनिस्ट पार्टीभित्र कुनै भ्रम छैन (थापा, २०६२, पृ. ५६)।

कम्युनिस्ट पार्टीको स्थापना भएको थोरै समय भएको हुनाले कम्युनिष्ट पार्टीका सम्पूर्ण अवधारणाहरू परिपक्व हुँदै गएका थिएनन्। राणा शासनका विरुद्धमा सहभागिता, बहुदलीय व्यवस्थाको स्थापना, कम्युनिष्ट पार्टीमाथिको प्रतिबन्धजस्ता कारणले कम्युनिष्ट पार्टीले देशमा गणतन्त्र र समाजवादी व्यवस्थाको स्थापनाको नारा अगाडि सारेको पाइन्छ।

वि.सं. २०३६ सालमा देशव्यापी विद्यार्थी आन्दोलन भएको थियो। उक्त आन्दोलनपछि बहुदलीय व्यवस्था कि सुधारिएको पञ्चायत भन्ने प्रश्नमा २०३७ साल वैशाख २० गते जनमत सङ्ग्रह भयो। सुधारिएको पञ्चायत पक्ष विजयी भएको जेठ १ गते घोषणा भयो (वस्ती, २०७९, पृ. ९२२)। त्यसले पञ्चायती संविधानमा संशोधन भएको थियो। उक्त आन्दोलनपछि राजनीतिक व्यवस्था केही खुकुलो बनाइएको थियो। सुधारिएको पञ्चायत विजयी भएपछि राजनीतिक दलहरूको असन्तुष्टि कायमै रह्यो। पञ्चायतका विरुद्धमा २०४२ सालमा सत्याग्रह सुरु भयो। आन्दोलन निरन्तर अगाडि बढ्दै गएको थियो। राजनीतिक दलहरूले अनेकौँ आरोहअवरोह छिचोल्दै मुलुकबाट जहानियाँ राणा शासन अन्त्यको दिन पारेर २०४६ फागुन ७ गतेदेखि नेपाली कङ्ग्रेस र संयुक्त वाममोर्चाले पञ्चायत ढाल्ने आन्दोलन सुरु गरे (भण्डारी, २०७९, पृ. ३) राजनीतिक दलहरूले

सुरु गरेको आन्दोलन चर्किंदै जाँदा २०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्था पुनर्स्थापना गरेको थियो । २०४६ चैत २६ गते मध्यरातमा ३० वर्षपछि बहुदलीय व्यवस्था पुनर्स्थापना भयो । तर पञ्चायती व्यवस्था विघटन नभएकामा दलहरूमा आशङ्का र कसै–कसैमा आक्रोस कायमै थियो (भण्डारी, २०७९, पृ.३) जनआन्दोलनपछि बनेको नेपाल अधिराज्यको संविधान, २०४७ ले बहुदलीय व्यवस्थालाई संस्थागत गरेको थियो। त्यस संविधानमा संवैधानिक राजतन्त्रको व्यवस्था गरिएको थियो । सार्वभौमसत्ता जनतामा निहित रहेको थियो भने मानव अधिकार, मौलिक हकहरू व्यवस्थित रूपमा राखिएको थियो। तर ती व्यवहारिक रूपमा पूर्ण कार्यान्वयन हुन सकेका थिएनन्। राजनीतिका धेरै मूल्य र मान्यताहरू बदलिंदै गएका छन्। वि.सं. २०४७ सालको संविधानले बेलायती शैलीको संवैधानिक राजतन्त्र र संसदीय व्यवस्थालाई संस्थागत गरेको थियो। संविधानमा जननिर्वाचित संसद, कार्यपालिका राजाको शक्तिलाई सन्तुलनमा राखिएको थियो भने स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरिएको थियो । शक्ति सन्तुलनका हिसाबले त्यो संविधानलाई नेपालको कानुनी विकासको कोशेढुङ्गा मानिन्छ।

व्यक्तिको आयतनसमेत विश्वव्यापी हुन थालेको छ। अजेय जनशक्तिको जन्मसँगै अहिले धर्म, संस्कृति, सरकारी स्तरको सम्बन्ध र राष्ट्रिय सीमाको परम्परागत घेरा नाघेर विश्वभरीका व्यक्तिलाई व्यक्तिसँग जोड्ने बेग्लै नयाँ मूल्यप्रणाली विकास भएको छ (पाण्डे, २०७७, पृ.७२) । जनताको शक्तिको परिणामस्वरूप वि. सं २०६२–६३ मा ऐतिहासिक जनआन्दोलन भयो । उक्त जनआन्दोलनको बलमा अन्तरिम संविधान २०६३ बन्यो। उक्त संविधानले राजालाई शक्तिविहीन मात्रै बनाएन, एक प्रकारले निलम्बनको अवस्थामा राख्यो । राजा इतिहासको सबैभन्दा कमजोर अवस्थामा पुगे । राणा शासनको समयमा पनि राजा यति कमजोर थिएनन् । अन्तरिम संविधानले देशलाई धर्मनिरपेक्ष राज्य घोषणा गऱ्यो भने समानुपातिक र समावेशी सिद्धान्त व्यवहारिक रूपमा कार्यान्वयन भयो। नेपालको इतिहासमा वि. सं. २०६४ सालमा पहिलो पटक संविधानसभाको चुनाव सम्पन्न भयो। वि.सं. २०७० मा दोस्रो पटक संविधानसभाको चुनाव सम्पन्न भयो। जसले गणतन्त्रलाई संस्थागत गऱ्यो।

## *आन्दोलनले स्थापित गरेका अवधारणाहरू*

प्रजातान्त्रिक राज्यमा मूलतः तीन अङ्गहरू रहेका हुन्छन्। ती अङ्ग जनताबाट निर्वाचित व्यवस्थापिका, व्यवस्थापिकाबाट निर्वाचित कार्यपालिका र स्वतन्त्र न्यायपालिका हुन् । यी तीन अङ्गलाई देश र जनताको हितमा काम गर्नका लागि संविधानले दिशानिर्देश गर्दछ। संविधान देशको मूल कानुन भए तापनि यो राजनीतिक सिद्धान्तको कानुनी दस्तावेज हो। संविधान राजनीतिक शक्ति र प्रक्रियाबाट बन्ने हुनाले यो मूलतः राजनीतिक र व्यवहारतः कानुनी दस्तावेज हो। संविधान देशको मूल कानुन भएको हुनाले राजनीतिक शक्ति सन्तुलनको कानुनी दस्तावेज पनि हो । विश्वव्यापी रूपमा संविधानलाई मूल कानुन मान्ने गरिन्छ। नेपालमा पनि संविधानलाई मूल कानुन मान्ने गरिन्छ र त्यसैअनुरूपका कानुनहरू निर्माण हुँदै आएका छन्। यी विषयहरू जनताको लामो समयको आन्दोलनले स्थापित गरेका हुन्।

संविधानको निर्माण अथवा खारेजी जनतामा अन्तरनिहित सार्वभौम अधिकार मानिन्छ। संविधान निर्माण गर्ने जनताको सार्वभौम अधिकारअन्तर्गत संविधान बन्ने हुँदा प्रजातान्त्रिक देशको प्रजातान्त्रिक संविधान जनताको नामबाट जारी गरिएका हुन्छन् (निरौला, २०७७, पृ. ९, सं. भट्टराई) । जनआन्दोलनबाटै जनताको अधिकार स्थापित हुने हो । सार्वभौमसत्ताको अधिकार पनि आन्दोलनबाट प्राप्त हुन्छ । नेपालको सन्दर्भमा वि.सं. २००७ साल, २०१५ तथा २०१९ सालको संविधानमा राजकीय सत्ता र विशेष अधिकार राजामा निहित रहेको थियो । तीनओटै संविधानमा सार्वभौमसत्ता शब्दको प्रयोग गरेको पाइँदैन। राजकीय सत्ता र विशेष अधिकार भन्ने शब्दको प्रयोग भएको छ। वि.सं. २०४७ सालको

संविधानमा राजा र जनतामा सार्वभौमसत्ता रहने व्यवस्था थियो।

संविधानसभाले जारी गरेको नेपालको संविधान २०७२ को प्रस्तावनामा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटकपटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग तथा बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण र शहीदहरू तथा बेपत्ता र पीडित नागरिकको सम्मान गर्दै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासनप्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता र स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संविधान जारी गरिएको उल्लेख छ। संविधानमा उल्लेख गरिएका सबै विषय राजनीतिक पार्टीहरूले आफ्ना घोषणापत्रमा दस्तावेजीकरण गर्दै आन्दोलनको मागका रूपमा जनताका बीचमा लगेका थिए। राजनीतिक पार्टीहरूले उठाएका ती मागहरूलाई संविधानमा संस्थागत गरिएको हो।

वि.सं. २००४ सालको विधानले देशलाई संविधान आवश्यक पर्ने रहेछ भन्ने बोध गरायो। त्यस्तै २००७ र २०१५ सालका अन्तरिम विधानमा जनताका अधिकार उल्लेख गरियो भने प्रजातन्त्रको जग हाल्ने काम दुवै संविधानले गरे। वि.सं. २०१९ सालको संविधानमार्फत् एकदलीय शासनको अभ्यास भयो। वि.सं. २०४७ सालको संविधानले बहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्र सँगसँगै जान सक्छन् भन्ने सिद्धान्तमा आधारित रहेको थियो। वि.सं. २०६३ को संविधानले गणतन्त्रको जग हाल्यो भने २०७२ सालको संविधानले गणतन्त्रलाई संस्थागत गऱ्यो। राजनीतिक परिवर्तन र कानुनी विकासको इतिहास सँगसँगै अगाडि बढेको देखिन्छ।

### *निष्कर्ष*

नेपालमा वि.सं. १८२५ देखि २०६५ सालसम्म राजतन्त्रात्मक व्यवस्था कायम रह्यो। नेपालमा निरङ्कुश र तानाशाही शासन भए पनि साम्राज्यवादी शक्तिहरूको उपनिवेशका रूपमा कहिल्यै रहेन। राजाहरूले साम्राज्यवादका विरुद्धमा लामो लडाइँ लडेको पाइन्छ। त्यही कारण देश स्वतन्त्र र सार्वभौम सत्तासम्पन्न रहेको भए पनि राजाहरूले युगअनुसार शासन गर्न र जनतासँग प्रजातान्त्रिक व्यवहार गर्न नसक्दा राजतन्त्र असान्दर्भिक बन्दै गयो। विश्वमा जनताको अधिकार, प्रजातन्त्र, स्वतन्त्रता–आदि नारा उठ्दै गए भने साम्राज्यवादीहरूका उपनिवेश र राजाहरूका निरङ्कुशतन्त्र ढल्दै गएपछि नेपालमा पनि निरङ्कुशतन्त्रका विरुद्धमा निरन्तर सङ्घर्ष भयो। राजतन्त्र तथा राणातन्त्रजस्ता एकतन्त्रीय र निरङ्कुश शासन व्यवस्थालाई जनताको सङ्घर्षले ढाल्यो र देशमा गणतन्त्र स्थापना भयो र जनप्रतिनिधिद्वारा जनता बलियो हुने गरी संविधान र कानुन निर्माण गरियो। जसको परिणाम २०७२ सालको संविधान जनताको शक्तिको रूपमा रहेको छ। संविधान कार्यान्वयन गर्नका लागि कैयौँ कानुनहरू निर्माण गरिएका छन्।

देशमा भएका ठुलाठुला राजनीतिक सङ्घर्ष र परिवर्तनले देशले व्यक्तिवादी शासनबाट संवैधानिक सर्वोच्चताको युगमा प्रवेश गऱ्यो। राष्ट्र प्रमुख, सरकार प्रमुखलगायत राज्यको सुविधा लिने जुनसुकै व्यक्तिलाई कानुनको दायरामा ल्याइयो र तिनीहरूका विरुद्धमा अदालतमा मुद्दा चल्न सक्ने प्रावधान राखियो। राजनीतिक आन्दोलनको मागको रूपमा रहेका समानता, समावेशीता, स्वतन्त्रता, मौलिक हक, वालिग मताधिकार, शिक्षा, स्वास्थ्यको ग्यारेन्टीजस्ता विषयहरू संविधान र कानुनमा लिपिबद्ध गरियो भने सबै प्रकारका शोषण र विभेदहरू संवैधानिक र कानुनी रूपमा अन्त्य गरियो। राजनीतिक दर्शन, शासनव्यवस्था, देशको संविधान लागु गर्न कानुनहरूमा परिवर्तन निरन्तर भइरहन्छ। मुलुकमा व्याप्त राजनीतिक अस्थिरता, कुशासन, सत्ताको खिचातानी, भ्रष्टाचाजस्ता कारणले जनताका इच्छा र आकांक्षा पूरा हुन सकेका छैनन् भने देशको विकास र समृद्धिले अपेक्षाकृत गति लिन नसकेकाले राजनीतिक परिवर्तन र कानुनी शासन संस्थागत हुन सकेको छैन।

## *सन्दर्भ सामग्रीहरू*

केसी, सुरेन्द्र. (२०६५). *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

खनाल, खुवीराम (२०७६). 'शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन र नेपाल सन्दर्भ'. https://www.prasashan. com/ 2019/ 08/12/130404

खनाल, विशाल. (२०७३). *नेपालको न्याय प्रशासन.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

गौतम, राजेश (२०७०). *नेपालको राजनीतिक इतिहास.* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

डाँगी, शिवकुमार, (२०६४). *सङ्घर्षका साठी वर्ष.* .काठमाडौँ : सरस्वती पोखरेल

थापा, सूर्य (२०६२). *नेपालमा राजतन्त्र र दलहरूबीचको सङ्घर्ष.* काठमाडौँ : नवयुग प्रकाशन प्रा.लि.।

दाहाल, काशिराज (२०६३). *संविधानसभा र संवैधानिक विकास.* काठमाडौँ : निरन्तर प्रकाशन प्रा.लि.।

देवकोटा, गृष्मबहादुर (२०३६). *नेपालको राजनीतिक दर्पण* (भाग २). काठमाडौँ : अर्जुनबहादुर देवकोटा।

नेपालको संविधान (२०७२). कानुन किताब व्यवस्था समिति, काठमाडौं

परियार, ऋषिबाबु (२०७१). 'मुलुकी ऐन र महेन्द्रलाई सम्झिँदा' https://ekantipur.com/ampnews/2014-08-17/394156

पाण्डे, रमेशनाथ (२०७७). *क्रान्ति र प्रतिक्रान्ति.* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि.।

भट्टराई, श्यामकुमार (२०७५). *संवैधानिक तथा प्रशासकीय कानुन.* काठमाडौँ : सोपान मासिक।

भट्टराई, श्यामकुमार. (सम्पादक) (२०७७). *संवैधानिक कानुन स्रोत सामग्री* काठमाडौँ : महान्यायाधिवक्ताको कार्यालय।

भण्डारी, रामकृष्ण (२०७९). *सत्ता सङ्घर्ष.* काठमाडौँ : सांग्रिला मिडिया ग्रुप प्रा.लि.।

वस्ती, प्रकाश (२०७९). *हाम्रो कानुनी इतिहासको नालीबेली.* काठमाडौँ : पैरवी प्रकाशन।

सिंह, टोपबहादुर (२०६६). *नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरू.* काठमाडौँ : पैरवी प्रकाशन।